सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

दिपावलीको शुभकामना

शुभ दिपावली ,तिहार र छठ पर्वको सुखद अवसरमा हाम्रा तमाम विद्धान पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकाना ।

साथै खबर दर्पणको अगामी अंक कार्तिक २८ गते मात्र प्रकाशित हुने जानकारी गराईन्छ ।

खबर दर्पण परिवार

♦ वर्ष १० ♦ अंक २९ ♦ २०८३ साल कार्तिक २१ शनिवार ♦ 7 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

नेकपाका चार मन्त्रीद्वारा सामूहिक राजीनामा, जसपा नेपालको नेतृत्वमा नयाँ सरकार गठनको तयारी

खबर दर्पण समाचारदाता
कार्तिक २० गते, बर्दिवास

मधेस प्रदेशमा सत्ता समीकरण परिवर्तनको प्रक्रिया अघि बढेसँगै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का चार जना मन्त्रीले सामूहिक राजीनामा दिएका छन् । नेकपा, नेकपा (एमाले) र जनता समाजवादी पार्टी (जसपा) नेपालबीच नयाँ गठबन्धन सर कार गठन गर्ने सहमति भएपछि नेकपाका मन्त्रीहरूले राजीनामा दिएका हुन् ।

राजनीतिक निकासका लागि भन्दै चारै जना मन्त्रीले शुक्रबार प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णसमक्ष राजीनामापत्र बुझाएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधामलाई सम्बोधन गरी बुझाइएको राजीनामापत्रमा आफूहरूले सामूहिक रूपमा पदबाट राजीनामा दिएको उल्लेख गरेका छन् ।



राजीनामा दिने मन्त्रीहरु : अर्थमन्त्री युवराज भट्टराई, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेल, ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री जवाहरलाल कुशवाहा र गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो

राजीनामा दिनेमा अर्थमन्त्री युवराज भट्टराई, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेल, ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री जवाहरलाल कुशवाहा र गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो रहेका छन् ।

उनीहरूले राजीनामापत्रमा प्रदेशमा राजनीतिक निकासका लागि सामूहिक रूपमा पदबाट राजीनामा दिएको उल्लेख गर्दै मुख्यमन्त्री कृष्णप्रसाद यादवले हालसम्म गरेको सहयोगप्रति धन्यवाद व्यक्त गरेका छन् ।

चार मन्त्रीको सामूहिक राजीनामासँगै मधेस प्रदेशमा नयाँ सरकार गठनको बाटो अघि बढेको छ । नेकपा (एमाले), जसपा नेपाल र नेकपाबीच जसपा नेपालको नेतृत्वमा नयाँ सरकार गठन गर्ने सहमति भएको एमाले प्रदेश सभा संसदीय दलका नेता सरोजकुमार यादवले यसअघि नै बताउनुभएको थियो ।

नेता यादवका अनुसार केन्द्रस्तर मै तीन दलबीच नयाँ सत्ता समीकरण बनाउने सहमति जुटेको छ । अब सरकारको नेतृत्व, मन्त्रालय बाँडफाँट र सत्ता साझेदारीका विषयमा थप छलफल गरी गठबन्धनलाई अन्तिम रूप दिने तयारी छ ।

यसअघि एमालेले वर्तमान कांग्रेस नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार अल्पमतमा परेको थियो । त्यसपछि मुख्यमन्त्री यादवले विश्वासको मत जुटाउन विभिन्न दलका शीर्ष नेताहरूसँग संवाद अघि बढाउनुभएको थियो ।

तर, एमाले, जसपा नेपाल र नेकपाबीच नयाँ गठबन्धन बनाउने सहमति र नेकपाका चार मन्त्रीको सामूहिक र ाजीनामाले वर्तमान सरकारको निरन्तरतामाथि थप प्रश्न खडा गरेको छ ।

तीन दलबीचको सहमति कार्यान्वयन भए मधेस प्रदेशमा कांग्रेस नेतृत्वको वर्तमान सर कार विस्थापित भई जसपा नेपालको नेतृत्वमा एमाले र नेकपा सम्मिलित नयाँ गठबन्धन सरकार गठन हुनेछ । यद्यपि, नयाँ सरकारको नेतृत्व र मन्त्रालय बाँडफाँटलगायतका विषयमा औपचारिक निर्णय हुन बाँकी छ ।

बालविवाह अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयनमा जोड

खबर दर्पण समाचारदाता
कार्तिक २० गते, बर्दिवास

मधेश प्रदेशमा बालविवाह अन्त्यका लागि विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

बालविवाहविरुद्धको प्रदेशस्तरीय सञ्जाल, मधेश प्रदेशको आयोजनामा शुक्रबार जनकपुर धाममा आयोजित प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा सहभागी वक्ताहरूले कानुन, नीति तथा रणनीति निर्माण भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा बालविवाह अझै चुनौतीका रूपमा रहेको बताएका हुन् ।

कार्यक्रममा बालविवाह न्यूनीकरण तथा अन्त्यका लागि प्रदेश र स्थानीय तहमा भइ रहेका प्रयास, कानुनी व्यवस्थाको कार्यान्वयन अवस्था तथा आगामी रणनीतिका विषयमा छलफल गरिएको थियो ।

वक्ताहरूले बालविवाहका घटना रोकथाम, न्यूनीकरण, पीडितको संरक्षण तथा न्यायमा पहुँच सुनिश्चित गर्न सरकारी निकाय, नागरिक समाज र समुदायबीच प्रभावकारी समन्वय तथा सहकार्य आवश्यक रहेको बताए । उनीहरूले तीनै तहका सरकारले बालविवाह अन्त्यलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, पर्याप्त बजेट विनियोजन, जनचेतना अभिवृद्धि र समुदायस्तरमा निगरानी संयन्त्र विकास गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा इन्सेकका मधेश प्रदेश प्रमुख राजु पासवानले मधेश प्रदेशका दलित तथा विपन्न परिवारमा बालविवाहका घटना बढी हुने गरेको बताउनुभयो । उहाँले कानुनी व्यवस्थाको कार्यान्वयनसँगै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

बालविवाह सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक अवस्थासँग जोडिएको बहुआयामिक समस्या भएकाले कानुनी कारबाहीसँगै सामाजिक रूपान्तरणका अभियानलाई पनि प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो ।

महिला अधिकारकर्मी जमुना भुजेलले मधेश प्रदेश सरकारले विगतमा सञ्चालन गरेको छोरी बिमा कार्यक्रमले बालविवाह न्यूनीकरणमा केही हदसम्म सहयोग पुऱ्याएको उल्लेख गर्दै उक्त कार्यक्रमलाई पुनः प्रभावकारी रूपमा



सञ्चालन गर्न माग गर्नुभयो । त्यसैगरी, लाइफ नेपालकी शादिदा खातुनले बालविवाहका घटनामा केही कमी आए पनि पछिल्लो समय मधेश प्रदेशमा भागी विवाहका घटना बढ्दै गएको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का मधेश प्रदेश संयोजक सञ्जीव साहले बालविवाह न्यूनीकरणका लागि निर्माण गरिएका कानुनी व्यवस्थासँगै तिनको कार्यान्वयन अवस्थाबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

बालविवाहविरुद्धको प्रदेशस्तरीय सञ्जाल, मधेश प्रदेशका कार्यक्रम अधिकृत अर्जुन साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न सरकारी निकाय, नागरिक समाज तथा अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

खबर दर्पण
राष्ट्रिय दैनिक

छोरीहरू बाँच्दैखेरि न्याय मागौं



भारतको कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्वविद्यालयमा नेपाली छात्रा प्रकृति लम्सालको मृत्युको घटनाले समाज तातेको छ। सार्वजनिक तथ्य अनुसार प्रकृतिले आफूमाथिको हिंसा सहन सकिनन्। दुर्व्यवहारबाट बाहिर निस्कन गरेको प्रयासलाई उनले जित्न सकिनन् बरू आत्महत्याको बाटो रोजिन्।

भोगेको हिंसा र दुर्व्यवहारबारे कलेज प्रशासनलाई उनले जानकारी नदिएकी पनि हैनन् तर साथ र सहयोग पाइनन्। परिणाम अब प्रकृति हामीमाझ छैनन्।

सिरहाको नवराजपुर गाउँपालिका १ भगवतीपुरमा १७ वर्षकी रिंकुकुमारी सदाय सामूहिक बलात्कारमा परिन्। माघ २६ गते राति शौच गर्न भनेर घर बाहिर निस्किएकी उनी २७ गते बिहान रोइ रहेको अवस्थामा घर बाहिर भेटिएकी थिइन्। उनले आफूमाथि सामूहिक बलात्कार भएको परिवारलाई बताएकी थिइन्।

रिंकुका अनुसार स्थानीय रूपेश मण्डल, टिंकु मण्डल र चन्दन साहेला घटनामा संलग्न थिए। घटनापछि पीडकलाई कारबाही र पीडितलाई न्याय त परको कुरा घटना दबाउन पञ्चायत बस्यो। केही रकम दिएर घटना सामसुम पार्न खोजियो। तर, पीडित पक्षले प्रस्ताव अस्वीकार गऱ्यो। माघ ३० गते राति रिंकु आफ्नै घरमा झुन्डिएको अवस्थामा फेला परिन्। रिंकुले आत्महत्या गरिन् वा हत्या गरियो? प्रष्ट भइसकेको छैन।

अहिले प्रकृतिको मृत्युपछि सामाजिक सञ्जालहरूमा जस्टिस फर प्रकृति ह्यास्ट्याग चलिरहेको छ। फेसबुक, एक्स, इन्स्टाग्राम, टिकटक जतातै उनको लागि न्याय माग्नेहरूको भीड छ। सांसदहरूले संसद्बाट प्रकृतिको न्यायको लागि आवाज उठाइरहेका छन्।

हामीमध्ये धेरैले बिर्सिसक्यौं होला !

केही महिनाअघि छिमेकी देश भारतको पश्चिम बङ्गाल राज्यमा भएको आततायी घटनाले सिङ्गो भारत अशान्त बन्यो। भारत मात्रै होइन, सिङ्गै दक्षिणएशियामा त्यो क्रूर घटनाको चर्को विरोध भयो। छोरीहरूको सुरक्षाको माग गर्दै विभिन्न प्रदर्शन भए।

पश्चिम बङ्गाल राज्यको कोलकातास्थित आरजी कर मेडिकल कलेज अस्पतालमा ९ अगस्टको रात एकजना प्रशिक्षार्थी डाक्टर माथि बलात्कार र हत्याको घटना भयो। रातको सिफ्टमा ड्युटीमा रहेकी ३१ वर्षीया डाक्टर खाना खाएर आराम गर्न सेमिनार हलमा गएकी थिइन्। केहीबेर आराम गर्न गएकी उनी शरीरका विभिन्न भागमा गहिरो चोट लागेको अवस्थामा भोलिपल्ट मृत भेटिइन्। कार्यस्थलमा (त्यसमाथि अस्पताल जस्तो ठाउँमा) समेत सुरक्षित नभएका महिला अन्यत्र कहाँ सुरक्षित होलान्? यस घटनापछि भार तमा यो प्रश्न चर्को रूपमा उठ्यो।

बलात्कार र हत्याको घटनाको विरोधमा देशभरका डाक्टर आकस्मिक बाहेकका सेवा बन्द गरी सडकमा उत्रिए। महिला तथा किशोरीहरूले सुरक्षाको माग राख्दै विभिन्न आन्दोलन गरे। विद्यार्थीहरू आन्दोलनमा उत्रिए। आन्दोलनमा उनीहरूका परिवार ले समेत साथ दिए।

सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले पीडकलाई कडाभन्दा कडा कारबाही र मृतक डाक्टरको न्यायको माग राख्दै अभियान छेडे। डाक्टरको न्यायको माग इन्टरनेटमा ट्रेन्डिङ बन्यो। सयौं नेपालीले पनि सामाजिक सञ्जाल मार्फत मृतक डाक्टरको न्यायको माग राख्दै ह्यास्ट्याग चलाए।

भारतमा डाक्टरको बलात्कार र हत्याको घटना सेलाउन नपाउँदै अमेरिकामा एक जना नेपाली नर्स बेपत्ता भएको र आफ्नै श्रीमान्ले उनको हत्या गरेको हुनसक्ने खबर सार्वजनिक भयो। अमेरिकाको भर्जिनियामा (नेपाली नर्स) ममता काफ्ले बेपत्ता भएको लामो समयसम्म पनि फेला नपरेको र उनकै श्रीमान्ले हत्या गरी शव लुकाएको हुनसक्ने खबर आए। ममताको शव लुकाएको मुद्दामा उनका श्रीमान् नरेश भट्ट पक्राउ परे।

ममताको मृत्युपछि उनको न्यायको लागि इन्टरनेटमा उसैगरी आवाज उठ्यो, जस्टिस फर ममता। ममताको न्यायको लागि फेसबुक, एक्स, इन्स्टाग्राम, युट्युब, टिकटक मार्फत मानिसहरूले आवाज उठाए।

यी चारै घटनामा देखिएको साझा चरित्र भनेको जब किशोरी वा महिलाको हत्या वा मृत्यु हुन्छ, त्यसपछि न्यायको लागि चर्को रूपमा आवाज उठेको छ।

केही घटनामा त बालिका वा किशोरीको हत्या/मृत्युपछि पनि न्यायका लागि आवाज उठेको छैन। पीडितको न्यायका लागि उठ्ने आवाजमै भएको विभेदबारे अर्को पटक चर्चा गरौंला।

सञ्जालमै केही व्यक्तिले किशोरी तथा बालिकाले समयमै आफ्नो परिवार वा साथीभाइलाई आफ्नो समस्या बताएको भए यस्तो दुःखद् घटना हुँदैनथ्यो कि ? भन्ने आशयका विचारहरू समेत व्यक्त गरिरहेका छन्।

मेरो मनमा भने केही प्रश्नहरू छन्, के छोरीहरूले बाँच्दैखेरि सुनाएको पीडा हामीले सुनेका छौं? उनीहरूले भोगेको दुर्व्यवहार लाई हामीले गम्भीरताका साथ लिएका छौं? उनीहरूमाथि भएको हिंसा विरुद्ध हामी बोलेका छौं? छोरीहरू बाँच्दैखेरि उनीहरूको न्यायका लागि हामीले आवाज उठाएका छौं?

के प्रकृति लम्सालले आफूमाथि भएको दुर्व्यवहारबारे कलेज प्रशासनसँगै आफ्ना साथीभाइ र आफन्तलाई पनि भनेको भए हामी अहिले जस्तै जस्टिस फर प्रकृति ह्यास्ट्याग चलाउँथ्यौं? उनलाई दुर्व्यवहार गर्नेलाई कडा कारबाहीको लागि पहल गर्थ्यौं ? कि हामी उनलाई नैतिकता पढाउन थाल्थ्यौं ? भारतमा उनलाई उनका बुवाआमाले कति दुःखले पढ्न पठाएका थिए भन्ने सम्झाउन थाल्थ्यौं ? वा उनलाई चरित्रको ज्ञान बाँड्न थाल्थ्यौं ? पीडकलाई कारबाहीका लागि प्रहरी र कलेज प्रशासनलाई दबाब दिएर हामी प्रकृतिलाई साथ दिन्थ्यौं कि उनका बारेमा बाहिर आएका अडियो इन्टरनेटमा दौडाउन थाल्थ्यौं ? के हामी साँच्चै उनको पीडालाई संवेदनशील रूपमा लिन्थ्यौं ? एकपटक आफैंलाई सोधौं त, प्रकृतिले बाँच्दैखेरि हामी उनको पीडा सुन्थ्यौं?

हिंसा भोगेका छोरीहरूले बाँच्दैखेरि सुनाएका पीडा हामीले सुनेका छौं ? कि उनीहरूलाई नैतिकता र चरित्रको पाठ पढाएर बस्ने गरेका छौं ?

रिंकुले आफूमाथि भएको सामूहिक बलात्कारको पीडा सुनाउँदा हामीले गम्भीरताका साथ लिएर पीडकलाई कारबाहीको प्रक्रिया समयमै अगाडि बढाउन सकेको भए शायद आज उनी जीवित हुन्थिन्। रिंकुको 'हत्यारा' ती बलात्कारी मात्रै होइनन्, संरक्षण गर्न बसेको पञ्चायत पनि हो। त्योभन्दा बढी पीडकलाई संरक्षण गर्नुपर्ने मनोविज्ञान बोकेको समाज हो।

हत्यारा ती स्थानीय जनप्रतिनिधि हुन्, जसले आफ्नो गाउँमा भएको यो कुकृत्य ढाकछोप गर्न खोजे, समयमै प्रहरीलाई खबर र न्यायका लागि पहल गरेनन्।

रिंकुको हत्यारा हाम्रो स्थानीय प्रहरी प्रशासन हो, जसले पाँच दिनसम्म पनि गाउँमै भएको यो घटना थाहा पाएन वा पाएर पनि नपाए जस्तो गऱ्यो र जीवन बाँच्न सघाउन सकेन। बलात्कार जस्तो जघन्य अपराधको घटनामा पीडितलाई बाँच्नै नसक्ने बनाउने समाज हत्यारा हो।

केही वर्षअघि कञ्चनपुरकी बालिका निर्मला पन्तको न्यायको लागि पनि यसरी नै माग भएको थियो। कञ्चनपुरको भीमदत्त नगरपालिकाकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कार पछि हत्या भएको थियो। घटना भएको ६ वर्ष बितिसक्दा समेत घटनामा संलग्न व्यक्ति अझै पक्राउ पर्न सकेको छैन।

कञ्चनपुर घटनामा निर्मला पन्त बाँचेको भए उनका लागि न्याय

बाँकी पृष्ठ ३ मा

आवश्यक टेलिफोन नम्बरहरू

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बच्चा प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक

छोरीहरू बाँच्दैखेरि .....

माग्ने भन्दा उनलाई नैतिकता र चरित्रको पाठ पढाउनेहरूको भीड बढी हुन्थ्यो शायद। छोरीमान्छे भएपछि के गर्न हुन्छ, के गर्न हुँदैन, कहाँ जाने, कहाँ नजाने, के गर्ने, के नगर्ने, कसरी बोल्ने, कोसँग मात्रै बोल्ने, कोसँग हिंड्ने, कुन बाटो हिंड्ने, कति बजे हिंड्ने, कति बजे नहिंड्ने... आदि।

ममता काफ्लेले बाँच्दैखेरि आफूले भोगेको हिंसा साझा गरेर श्रीमान्सँग बस्न नसक्ने कुरा बताएको भए उनका लागि न्याय माग्नेहरू धेरै हुनेथिए कि, घर सम्हाल्न र परिवारको इज्जत राखिदिन छोरीहरूले गर्नुपर्ने त्यागका बारेमा उनलाई पाठ पढाउने धेरै हुनेथिए ?

पक्कै पनि उनलाई पाठ पढाउनेको भीड नै ठूलो हुनेथियो। समाजले परिवार जोगाइदिने, घर सम्हाल्दिने र इज्जत धानिदिने जिम्मा छोरीहरूलाई जो सुम्पिएको छ।

केही समय अगाडि मात्रै एक जना कथित सेलिब्रेटी खेलाडी जोडिएको घटनामा पीडित बालिकाले भोग्नुपरेको धम्की, उनलाई आएको प्रलोभन र दबाबबारे नजिकबाट बुझेपछि, उनको विक्षिप्त मानसिक अवस्था बुझेर म आफैं कैयौं दिनसम्म मेन्टल्ली डिस्टर्ब भएँ। उसले आफूलाई माफी गरिदिन निरन्तर ती बालिकालाई फकाइरहेको थियो।

प्रलोभन देखाउँथ्यो र कहिलेकाहीं डर समेत देखाइरहेको थियो। खेल नियम र अनुशासन तोडेर हिंडेको खेलाडी अदालतको नियम समेत तोडेर बालिकालाई मेसेज गरेर फकाउने र डर देखाउने गरिरहेको थियो। तर, सामाजिक सञ्जालमा भने आफू निर्दोष रहेको भन्दै लामा-लामा स्टाटस लेखिरहेको थियो।

पीडकको 'फ्यान/फलोअर्स'बाट आउने धम्कीका कारण पीडित बालिकाले डरै-डरमा बाँच्नुपर्‍यो। आफ्नो अनुहार छोपेर, परिचय लुकाएर हिंड्नुपर्‍यो। आफूमाथि भएको हिंसाको घटनामा न्यायका लागि लड्ने साहस गरेकी उनले पीडकमैत्री अदालत र पीडितलाई थप यातना दिने समाजका कारण आजित भएर हार मानिन्।

र, यो देशै छोड्ने अवस्थामा पुगिन्। न्याय सहितको जीवन बाँच्न चाहेकी 'गौशाला २६' लाई यो समाजले बाँच्नै नसक्ने अवस्थामा पुर्‍याइदियो।

गौशाला २६ ले पीडकसँग मात्र लडाइँ लडिनन्, सिंगो समाजसँग संघर्ष गरिन्। उनले बलात्कार आरोपितलाई फूलमाला पहिर्‍याउने राष्ट्रपतिसँग लडाइँ लडिन्। आरोपितलाई सम्मान गर्ने प्रधानमन्त्रीसँग लडिन्। प्रमाणले घेरिएका पीडितलाई ससम्मान सफाइ दिने न्यायमूर्तिसँगै पौंठेजोरी खेलिन्।

सबैभन्दा ठूलो संघर्ष त न्याय प्रणालीलाई ऐना देखाइएको एकथान निवेदनका आधारमा गम्भीर फौजदारी अभियोगमा माथिल्लो अदालतमा नजाने गरी निर्णय गरिदिने न्यायिक मनसँग गरिन्। किशोरावस्थामा उनले झेलेको मानसिक दबाब र उल्झन यो समाजको बहीखातामा शायदै अट्दैन।

केही वर्षअघि एक जना गायिकालाई सोही क्षेत्रका पुरुषले बलात्कार गरेको घटना सार्वजनिक भयो। त्यो मुद्दा अदालतसम्म पुग्यो। समाज दुई कित्तामा बाँडियो, पीडितको पक्षमा न्याय माग्नेहरूको आवाज मसिनो थियो। उनलाई चरित्र पढाउने, तथानाम गाली गर्ने, ब्लेम गर्ने र थप हिंसा गर्नेहरूको भीड ठूलो थियो।

लामो संघर्षपछि उनले आफूलाई पुरानै अवस्थामा फर्काउने कोसिस गरिन् र आफ्नो कामलाई निरन्तरता दिन थालिन्। अझै पनि सञ्जालहरूमा उनलाई जथाभावी कमेन्टहरू भेटिन्छन्।

समाज द्वैध चरित्रको छ। हिंसामा परेर बाँचेका छोरीहरूलाई जलिल गर्छ। बाँच्नै नसक्ने बनाइदिन्छ। अनि मरेका छोरीहरूको नाममा आँसु बगाउँछ र उनीहरूको लागि न्याय माग्छ। छोरीहरूले मरिसकेपछि पाउने न्याय के हो ? छोरी भएकै कारण यो समाजमा बाँच्न नपाउनु, यो नै सबैभन्दा ठूलो अन्याय होइन र ?

के समाज साँच्चै छोरीहरू बाँचून् भन्ने चाहन्छ ? समाज साँच्चै छोरीहरू बाँचून् भन्ने चाहन्छ भने किन उनीहरू बाँच्दैखेरि न्याय माग्दैन ? हिंसामा परेका छोरीहरूको पीडा किन सुन्दैन र उनीहरूलाई थप हिंसा गर्न तम्सिन्छ ? समाज ३० वर्षको पुरूषसँग नैतिक चरित्रको प्रश्न गर्दैन तर, १५ वर्षीया बालिकाको चरित्रमा प्रश्न उठाउँछ।

जब हरेक पटक महिला वा बालिका आफूमाथि भएको हिंसाको घटनामा न्यायको लागि प्रहरीकोमा पुग्छन्, उनीहरूलाई आउने दबाब, पीडकलाई माफी दिन आउने फोनहरू सम्झिंदा आत्तिन्छु। अदालतसम्म पुग्न उनीहरूले कति संघर्ष गर्नुपर्‍यो होला भन्ने कुराले पीडा महसुस हुन्छ।

अझ यौन हिंसाका घटनामा पीडितलाई नै गरिने ब्लेम र चरित्रमा उठाइने प्रश्नले न्यायको प्रक्रियामा आधा बाटोबाटै फिर्ता हुने बालिकाहरूको अवस्था डरलाग्दो छ। उनीहरू यो समाजमा बाँच्न पनि नसक्ने अवस्थामा पुगिरहेका छन्।

झन् कुनै एलिट फ्यामिलीको मान्छे पीडक होस्, कुनै एउटा क्षेत्रमा नाम कमाएको होस्, पीडितले भोग्नुपर्ने दबाब, प्रलोभन, थ्रेट र उनलाई होस्टाइल गराउने हर्कत सम्झेर अत्यास लाग्छ। नेपाल प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/८१ मा २५ सय भन्दा धेरै महिला तथा बालिकामाथि बलात्कारको घटना भएको छ। झन्डै ५०० बलात्कार प्रयासका घटना भएका छन्। यी प्रहरीमा दर्ता भएका घटना मात्रै हुन्। प्रहरीसम्म आउनै नसकेका, आउन नपाएका, आउन नदिइएका, दबाबमा मिलाइएका, सामसुम पारिएका घटनाको तथ्यांक कति होला ?

महिला तथा बालिकाहरूमाथि भएका हिंसाका घटनामा दुईवटा अवस्था देखिएको छ। कुनै घटनामा छोरीहरू बाँच्दैखेरि हामीले उनीहरूका लागि आवाज उठाउन सक्ने समय हुन्छ। तर, कतिपय घटनामा हामीले घटना थाहा पाउने बेलासम्म महिला तथा बालिकाको मृत्यु भइसकेको हुन्छ।

हिंसामा परेर बाँचेका छोरीहरूको लागि समय छँदै आवाज उठाउनु र उनीहरूलाई यो समाजमा बस्न सक्ने, बाँच्न सक्ने बनाउनु नै उनीहरूको लागि सही अर्थमा न्याय हो। हामी साँच्चै छोरीहरू बाँचुन् भन्ने चाहन्छौं भने, हिंसामा परेर बाँचेका छोरीहरूका लागि उनीहरू बाँच्दैखेरि न्यायको लागि आवाज उठाऔं। हिंसा विरुद्ध बोल्न छोरीहरूको मृत्यु कुरेर नबसौं।-अनलाइन खबर

दशौं राष्ट्रिय खेलकुदका लागि धनुषाबाट १७ कराते खेलाडीको छनोट

खबर दर्पण समाचारदाता

कार्तिक २० गते, बर्दिवास

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८३ का लागि धनुषा जिल्लास्तरीय कराते खेलाडी छनोट प्रतियोगिता सम्पन्न भएको छ ।

शुक्रबार जनकपुरधामस्थित कवर्डहलमा आयोजित प्रतियोगिताबाट विभिन्न तौल समूह तथा कातातर्फ गरी १७ जना खेलाडी प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट भएका छन् ।

नेपाल कराते महासंघ धनुषाका अध्यक्ष वीरेन्द्र कर्णको अध्यक्षता तथा जिल्ला खेलकुद विकास समिति धनुषाका अध्यक्ष कुशकुमार यादवको प्रमुख आतिथ्यमा प्रतियोगिता सम्पन्न भएको हो ।

छनोट भएका पुरुष खेलाडीतर्फ ५० केजी तौल समूहमा प्रवीण दास, ५५ केजीमा निशान्त मगराती, ६० केजीमा विकास र साइली र ७५ केजीमा मनोहर महतो रहेका छन् ।

त्यस्तै, पुरुष एकल कातातर्फ बब्लु कवाडी तथा टिम कातातर्फ विकास रसाइली, सुभाष मण्डल र प्रवीण दास छनोट भएका छन् ।

यसैगरी, महिलातर्फ ४५ केजी तौल समूहमा प्रतिका लमगादे, ५० केजीमा आशिका यादव, ५५ केजीमा सोनु कुमारी यादव, ६१ केजीमा अमृता साह र ६८ केजीमा यमकुमारी पुयार मगर छनोट भएका छन् ।

महिला एकल कातातर्फ सुधा मगराती तथा टिम कातातर्फ सुधा मगराती, अस्मिता मिजार र निकिता मिजार प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट भएका छन् ।

जिल्लास्तरीय छनोट प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गरेका खेलाडीहरूले अब प्रदेशस्तरमा धनुषाको प्रतिनिधित्व गर्नेछन् ।

प्रदेशस्तरीय छनोटमा समेत सफलता हासिल गर्दै राष्ट्रिय प्रतियोगितामा स्थान सुरक्षित गर्ने लक्ष्यका साथ खेलाडीहरू तयारीमा जुट्ने नेपाल कराते महासंघ धनुषाका अध्यक्ष वीरेन्द्र कर्णले बताए ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सदभाव र सहिष्णुता कायम गरौं ।

मटिहानी नगरपालिका,
महोत्तरी

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखेलमा प्राप्त सम्पूर्ण चल अचल सम्पति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

मिथिला नगरपालिका,
धनुषा

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

औरही नगरपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

तेस्रो भरतपुर कप-२०८३ खुल्ला नकआउट फुटबल प्रतियोगिताको भव्य उद्घाटन



खबर दर्पण समाचारदाता

कार्तिक २० गते, बर्दिवास

तेस्रो भरतपुर कप-२०८३ खुल्ला नकआउट फुटबल प्रतियोगिताको उद्घाटन शुक्रबार एक समारोहका बिच सम्पन्न भएको छ । गौशाला नगर युवा सञ्जालका अध्यक्ष भरत महतो कोइरी (विजय) द्वारा सो खेलको उद्घाटन गरिएको हो ।

उक्त समारोहमा विशिष्ट अतिथिका रूपमा प्रहरी नायब उपरीक्षक गुरु प्रसाद तिम्सिना, प्रहरी निरीक्षक मधुसूदन विश्वकर्मा, प्रहरी सहायक निरीक्षक सुधीर कुमार सिंह, गौशाला नगरपालिका वडा नं. ११ का वडाध्यक्षज् रामपूत महतो कोइरीलगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको गरिमामय उपस्थिति रहेको थियो। प्रतियोगितालाई सफल बनाउन उषा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.का संस्थापक तथा गौशाला वुमेन्स क्रिकेट क्लबका अध्यक्ष इन्जिनियर सञ्जित कुमार महतोको विशेष अगुवाइ, पहल तथा योगदान रहेको सञ्जालका अध्यक्ष कोइरीले बताएका छन् । साथै प्रतियोगितामा स्थानीय युवा रञ्जित पासवान र भरतपुर फुटबल क्लबको भूमिका तथा योगदान रहेको छ।

विभिन्न मुद्दाका १० फरार प्रतिवादी पक्राउ

खबर दर्पण समाचारदाता

कार्तिक २० गते, बर्दिवास

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवानाको सजाय तोकिएपछि फरार रहेका १० जना प्रतिवादीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत बिहीबार प्रहरीले उनीहरूलाई जिल्लाका विभिन्न स्थानबाट खोजतलास गरी पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये पाँच जना कुटपिट मुद्दाका प्रतिवादी रहेका छन् । उनीहरू प्रत्येकलाई अदालतले जनही १ हजार रुपैयाँ जरिवाना तोकेको थियो ।

त्यस्तै, औषधसम्बन्धी मुद्दामा एक जनालाई १ महिना १५ दिन कैद र १ लाख ५० हजार रुपैयाँ जरिवाना, लागुऔषध मुद्दामा एक जनालाई २ हजार रुपैयाँ जरिवाना तथा वन पैदावार सम्बन्धी मुद्दामा तीन जनालाई जनही ७ हजार ६१० रुपैयाँ जरिवानाको फैसला भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले खोजतलास र आवश्यक समन्वय गरी फरार प्रतिवादीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ परेका सबैलाई आवश्यक कानुनी कारबाही तथा अदालतको फैसला कार्यान्वयनका लागि धनुषा जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता एवं सूचना अधिकारी प्रहरी निरीक्षक अरविन्द कुमार साहले जानकारी दिए ।

प्रहरीले अदालतबाट सजाय तोकिएर फरार रहेका अन्य प्रतिवादीहरूको समेत खोजी कार्यलाई निरन्तरता दिएको जनाएको छ ।

धनतेरसले चम्कियो सुनचाँदी बजार



खबर दर्पण समाचारदाता

कार्तिक २० गते, बर्दिवास

दीपावलीको पूर्वसन्ध्यामा मनाइने धनतेरस पर्वका अवसरमा जनकपुरधामको सुनचाँदी बजारमा ग्राहकको चहलपहल बढेको छ। सुनचाँदीका गरगहना, सिक्का तथा धातुका भाँडाकुँडा खरिद गर्ने ग्राहकको भीड लागेपछि बजारमा चाडपर्वको रौनक छाएको हो ।

धनतेरसका दिन सुन, चाँदी, तामा र पित्तललगायत धातुबाट बनेका सामग्री खरिद गर्दा घरमा सुख, शान्ति र समृद्धि भित्रिने धार्मिक विश्वास छ । यही मान्यताअनुसार सर्वसाधारणले यस दिन नयाँ सामग्री खरिद गर्ने परम्परा रहिआएको छ ।

दीपावलीलाई लक्षित गरी गरिने किनमेलका कारण जनकपुरधामका सुनचाँदी पसलमा ग्राहकको उपस्थिति बढेको व्यवसायीहरूले बताएका छन्। धनतेरसलाई नयाँ सामग्री खरिदका लागि विशेष दिन मानिने भएकाले अन्य दिनको तुलनामा यस दिन सुनचाँदी तथा धातुका सामग्रीको कारोबार बढ्ने गरेको छ ।

धार्मिक मान्यताअनुसार धनतेरसका दिन बहुमूल्य धातु तथा नयाँ भाँडाकुँडा खरिद गर्नु शुभ मानिन्छ । यसले परिवारमा धनधान्य, सुख र समृद्धि भित्रिने विश्वासका साथ मानिसहरू आफ्नो क्षमताअनुसारका सामग्री खरिद गर्न बजार पुग्ने गरेका छन् ।

यस वर्ष शुक्रबार बिहान ११ बजेर १० मिनेटपछि त्रयोदशी तिथि सुरु भई शनिबार बिहान १० बजेर ४७ मिनेटसम्म रहने जनाइएको छ। त्रयोदशी तिथिमा गरिने कागपूजा र धन्वन्तरी जयन्ती भने शनिबार परेको छ। दीपावली नजिकिँदै जाँदा जनकपुरधामसहित मधेश प्रदेशका विभिन्न बजारमा किनमेलको चहलपहल थप बढ्ने अपेक्षा गरिएको छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

सोनमा गाउँपालिका, महोत्तरी



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,